# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८१/२०८२/०८३

## मितिः २०८२।०७।३० गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८१ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान ८:०० बजे।**

## तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठक समिक्षा सम्बन्धमा। | १ |
| फोहोर मैला व्यवस्थापन गर्ने सम्बन्धमा। | २ |
| विविध। | ३ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०७।२८ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष    १ नं. वडा अध्यक्ष    २ नं. वडा अध्यक्ष    ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष    ५ नं. वडाध्यक्ष    ६ नं. वडा अध्यक्ष    ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की    साउनी माझी    सुशिला श्रेष्ठ    प्रमिला परियार

झपटुलाल राजबंशी    सुफल मुर्मु सतार    केशव दाहाल    रखिलाल चौधरी

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८१/२०८२/०८३
## मितिः २०८२।०७।३० गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०७।३०

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ८:०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री केशव दाहाल, | का.वा.वडाध्यक्ष, २ नं. वडा | |
| १८. | श्री रखिलाल चौधरी | का.वा.वडाध्यक्ष, ५ नं. वडा | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८१/२०८२/०८३
# मितिः २०८२।०७।३० गते बसेको बैठक

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपुरक संख्या पुरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा बिश्लेषण गरियो।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा विगत वर्षदेखी कानेपोखरी गाउँपालिका अन्तर्गतका विभिन्न स्थानहरुको फोहोर कानेपोखरी गाउँपालिका भित्र रहेको ग्रामिण सुधार सामुदायिक वन उपभोक्ता समूह, वनको क्षेत्रभित्र व्यवस्थापन गर्दै आईरहेकोमा हाल उक्त स्थानमा फोहर व्यवस्थापन गर्न स्थानीय तथा वन उपभोक्ता समूहबाट गरिएको हुनाले कानेपोखरी गाउँपालिकाले वैकल्पिक स्थान तय नगरुन्जेल सम्मका लागि छिमेकमा रहेको रंगेली नगरपालिकाले फोहोर व्यवस्थापन गर्दै आईरहेको क्षेत्रमा कानेपोखरी गाउँपालिकाको समेत फोहोर व्यवस्थापन गर्न दिन अनुरोध गरी पत्राचार गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) मा उपर छलफल गर्दा उल्लिखित विभिन्न बुँदामा छलफल गरी भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

१. कानेपोखरी गाउँपालिका वडा नं.७ बसोबास गर्ने झरना हाङसरुम्बाको घरमा विधुत सर्ट भई आगलागी भई क्षति भएकोले क्षतिपूर्ति वापत रु. २०,०००।—विपद व्यवस्थापन कोषबाट भुक्तान दिने,
२. कानेपोखरी गाउँपालिका वडा नं.७ मा रहेको अस्थायी डम्पिङ साईड जंगलमा बाख्राहरु चर्ने क्रममा मरेको हुँदा तपसिल बमोजिम विवरण अनुसार क्षतिपूर्ति वापतको रकम विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने,

| क्र.सं. | नाम थर | वडा नं. | क्षतिको विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बलराम दाहाल | ७ | १) बाख्रा-३,<br>२) पाठी-२,<br>३) बोका-१ | ३०,०००।- | प्रति गोटा रु.५०००।- को दरले |
| २ | ओकिल राई | ७ | १) माउ बाख्रा-४<br>२) पाठी बोका-२ | ३०,०००।- | |
| ३ | गोविन्द कार्की | ७ | १) माउ बाख्रा-१ | ५०००।- | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८१/२०८२/०८३
## मितिः २०८२।०७।३० गते बसेको बैठक

३. कानेपोखरी गाउँपालिका वडा नं.४ बसोबास गर्ने ओम बहादुर लिम्बुको घरमा भान्सा टहरामा बिद्युत सर्ट भई आगलागी भएर क्षेति भएकोले सोको क्षतिपूर्ति वापत रु. ३०,०००।—विपद व्यवस्थापन कोषबाट भुक्तान दिने,